# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेल, कास्कीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **राम विक्रम राणा** समेत ९ जना मु.नं (०८२-CR-००३९) फैसला मिति २०८२/१०/२७ | सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरूपयोग गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेल, कास्कीको विद्यालय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा, पोखरा महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष एवं पदेन सदस्य शाहारा प्रधान, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायण प्रसाद चापागाईको हकमाः राष्ट्रसेवक प्रतिवादीहरू राम विक्रम राणा, शाहारा प्रधान, बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायण प्रसाद चापागाईलाई बिगो रकम रु.१५,२९,४०८/-(अक्षेरूपी पन्ध्र लाख उनन्तीस हजार चार सय आठ रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजी प्रयोगमा लगाई दुरूपयोग गरेको उल्लिखित बिगो असुल उपर गरिपाऊँ। साथै, प्रतिवादीहरू बरुण विक्रम राणा, नारायण प्रसाद चापागाई र विष्णुमाया लामिछानेले बदनियत राखी शिक्षा नियमावली, २०५९ को नियम १९० मा "कुनै पनि संस्थागत विद्यालयले सामुदायिक विद्यालयको भवन प्रयोग गरी विद्यालय सञ्चालन गर्न पाउने छैन" भन्ने स्पष्ट कानूनी व्यवस्थाको सम्बन्धमा जानकारी हुँदाहुँदै पनि जानीजानी बदनियत राखी उक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी सरकारी/सामुदायिक प्रकृतिको राष्ट्रिय माध्यमिक विद्यालयको भवनसहितको जग्गा ३० वर्षको लागि निजीस्तरमा सञ्चालित संस्थागत विद्यालयलाई दिन हुने भनी झुट्टा विवरणसहितको गलत प्रतिवेदन दिएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादीहरू वरुणविक्रम राणा, नारायण प्रसाद चापागाई र विष्णुमाया लामिछानेलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय समेत | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रस्तुत मुद्दामा मिति २०८०।११।२९ को लिज करार बमोजिम राष्ट्रिय माध्यमिक विद्यालयको भाडा रकम विद्यालयको बैंक खातामा नियमित रूपमा जम्मा भएको देखिएको र सो भाडा रकम प्रतिवादीहरूले लिए खाएको वा हिनामिना गरी सो विद्यालयलाई हानीनोक्सानी नै गरेको भन्ने नदेखिएको ।<br>• प्रतिवादीहरूले सो विद्यालयलाई हानीनोक्सानी गरी भाडा रकम हिनामिना, दुरूपयोग गरे, गराएको, मासेको वा निजी रूपमा प्रयोग गरेको वा विद्यालयलाई हानीनोक्सानी पुऱ्याउने बदनियतकासाथ मिति २०८०/११/२९ को लिज करार गरेको भन्ने तथ्य स्थापित र पुष्टि हुन आएको अवस्था नदेखिएको । | • **राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेल, कास्कीको विद्यालय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा, पोखरा महानगरपालिका वडा नं. १ का वडा अध्यक्ष एवं पदेन सदस्य शाहारा प्रधान, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायणप्रसाद चापागाईको हकमाः-** राष्ट्रसेवक प्रतिवादीहरु राम विक्रम राणा, शाहारा प्रधान, बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायणप्रसाद चापागाई समेतले अञ्जुली आर्डिङ्ग स्कूल प्रा.लि का संचालक राजु के.सी तथा उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी सँगको मिलेमतो तथा योजनामा राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गर्ने गरी बदनियत साथ सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी राजु के.सी संचालक र प्रिन्सिपल निजको श्रीमती सुनिता कुँवर के.सी रहेको अञ्जुली आवासीय माध्यमिक विद्यालयलाई भाडामा दिनको लागि स्थलगत निरीक्षण गरेर प्रतिवेदन पेश गर्न बरुण विक्रम राणाको संयोजकत्वमा विष्णुमाया लामिछाने र नारायण प्रसाद चापागाई सदस्यहरु रहने गरी मिति २०८०/०५/२३ गते विद्यालय व्यवस्थापन समितिको वैठक बसी बदनियत साथ समिति गठन गरे गराएको र निज प्रतिवादीहरु पूर्व योजना वमोजिम नै अञ्जुली आवासीय माध्यमिक विद्यालय, कास्कीलाई राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको जग्गा/भवन भाडामा दिन ३० वर्षको करारनामा गरी दिन सिफारिस गरे गराएको देखिन्छ। सोही प्रतिवेदनलाई आधार मानेको देखाई प्रतिवादीहरुको पूर्व योजना बमोजिम सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोग प्रचलनमा ल्याई ल्याउन लगाउने बदनियतले मिति २०८०/११/२६ गते राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले सदस्य सचिव (प्रधानाध्यापक) ईश्वरी प्रसाद सापकोटाको अनुपस्थितिमै वैठक बसी बसाई सरकारी/सामुदायिक स्तरमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा राजु के.सी संचालक र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी प्रिन्सिपलरहेको निजी तवरमा संचालित अञ्जुली आवासीय माध्यामिक विद्यालय, कास्की (संस्थागत विद्यालय) लाई १२ वर्षको लागि भाडामा दिने गरी निर्णय गरे गराएको देखिन्छ।उक्त निर्णय गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रमराणा, सदस्यहरु शाहारा प्रधान, नारायण प्रसाद चापागाई, विष्णुमाया लामिछाने, शोवनाथ भट्टराई, बरुण विक्रमराणासमेत संलग्न रही उक्त निर्णयमा दस्तखत गरेको भन्ने देखिरहेको अवस्थामा यसरी निज प्रतिवादीहरुले सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा निजी प्रयोगमा लगाई दुरुपयोग गरे गराएको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा आरोपदावी वाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>• सरकारी/सामुदायिक तवरमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको तर्फवाट राम विक्रमराणा र निजी/संस्थागत तवरमा संचालित अञ्जुली आवासीय माध्यमिक विद्यालयको तर्फबाट सुनिता कुँवर के.सी ले दस्तखत गरी मिति २०८०।१२।०१ गते देखि लागू हुने गरी १२ वर्षका लागि राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा रहेको करिव ४ रोपनी जग्गामा निर्मित भवन सहितका सार्वजनिक सम्पत्ति निजी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरीपाउ भन्ने व्यहोराको आरोपपत्र दायर हुन आएको अवस्था देखिन्छ।<br>• अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि तथा उक्त प्रा.लि.का सञ्चालक राजु के.सी र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी.को हकमाः प्रतिवादीहरू अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि तथा उक्त प्रा.लि.का सञ्चालक राजु के.सी, उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरूलाई बिगो रु.१५,२९,४०८।-(अक्षेरूपी पन्ध्र लाख उनन्तीस हजार चार सय आठ रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुलउपर हुने सजायलाई आधार मानी प्रतिवादीहरू अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि., राजु के.सी. र सुनिता कुँवर के.सी.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरिपाऊँ। साथै, माथि उल्लिखित सबै प्रतिवादीहरूबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाऊँ भन्ने समेत व्यहोराको आरोपपत्र दायर हुन आएको देखिछ ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु प्रतिवादीहरू राम विक्रम राणा, शाहारा प्रधान, नारायण प्रसाद चापागाई, विष्णुमाया लामिछाने, बरुण विक्रम राणा, सोवनाथ भट्टराई, राजु के.सी., र सुनिता कुँवर के.सी., र अञ्जली वोर्डिङ स्कूल प्रा.लि.उपरको सो आरोपदावी पुग्न नसकी निजहरूले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ । | | प्रयोग प्रचलनमा दिने लिने गरी प्रतिवादीहरुले बदनियत राखि मिति २०८०।११।२९ गते सम्झौता गरे गराएको देखिन्छ।मिति २०८२ असार सम्ममा जम्मा रु.१५,२९,४०८।-(अक्षेरुपी पन्ध्र लाख उनन्तिस हजार चार सय आठ  रूपैया) रकम वरावरको सार्वजनिक सम्पत्तिको निजी प्रयोग प्रचलनमा ल्याई सो बापतको रकम लिए दिएको अवस्था देखिन्छ। त्यसैगरी, उक्त सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यार्थी संख्या घट्दो क्रममा रही शैक्षिक स्तरसमेत हेर्दा खस्किदो क्रममा रहेर ३९% सम्ममा पुगेको भन्ने तथ्य राष्ट्रिय माध्यमिक विद्यालयको च.नं १५९/०८२/०८३ मिति २०८२/०७/२८ गतेको पत्रानुसारको विवरणवाट देखिन्छ। तसर्थ, राष्ट्रसेवक प्रतिवादीहरु राम विक्रम राणा, शाहारा प्रधान, बरुण विक्रम राणा, सोवनाथ भट्टराई, विष्णुमाया लामिछाने, नारायणप्रसाद चापागाईसमेतले अन्य प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गर्ने गरी बदनियत साथ सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा निजी प्रयोगमा लगाई दुरुपयोग गरे गराएको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा आरोपदावी वाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>• **अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि तथा उक्त प्रा.लि का संचालक राजु के.सी र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी को हकमाः** अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि का संचालक राजु के.सी र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी ले राष्ट्रसेवक प्रतिवादीहरुसँगको मिलेमतो तथा योजनामा राष्ट्रसेवक प्रतिवादीहरुको आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई राष्ट्रसेवकको जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गर्ने गरी बदनियत साथ सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी राजु के.सी संचालक र प्रिन्सिपल निजको श्रीमती सुनिता कुँवर के.सी रहेको अञ्जुली आवासीय माध्यामिक विद्यालयलाई भाडामा दिनको लागि स्थलगत निरीक्षण गरेर प्रतिवेदन पेश गर्न गराउन बरुण विक्रम राणाको संयोजकत्वमा विष्णुमाया लामिछाने र नारायण प्रसाद चापागाई सदस्यहरु रहने गरी मिति २०८०/०५/२३ गते विद्यालय व्यवस्थापन समितिको वैठक बसी बदनियत साथ समिति गठन गरे गराएको देखिन्छ। निज प्रतिवादीहरु पूर्व योजना वमोजिम नै अञ्जुली आवासीय माध्यमिक विद्यालय, कास्कीलाई राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको जग्गा/भवन भाडामा दिन ३० वर्षको करारनामा गरी दिन सिफारिस गरे गराएको देखिन्छ। सोही प्रतिवेदनलाई आधार मानेको देखाई प्रतिवादीहरुको पूर्व योजना बमोजिम सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोग प्रचलनमा ल्याई ल्याउन लगाउने बदनियतले मिति २०८०/११/२६ गते राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले सदस्य सचिव (प्रधानाध्यापक) ईश्वरी प्रसाद सापकोटाको अनुपस्थितिमै वैठक बसी बसाई सरकारी/सामुदायिक स्तरमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा राजु के.सी संचालक र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सी प्रिन्सिपलरहेको निजी तवरमा संचालित अञ्जुली आवासीय माध्यामिक विद्यालय, कास्की (संस्थागत विद्यालय) लाई १२ वर्षको लागि भाडामा दिने गरी निर्णय गरे गराएको देखिन्छ। यसरी सरकारी/सामुदायिक तवरमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको तर्फवाट राम विक्रमराणा र निजी/संस्थागत तवरमा संचालित अञ्जुली आवासीय माध्यमिक विद्यालयको तर्फबाट सुनिता कुँवर के.सी ले दस्तखत गरी मिति २०८०।१२।०१ गते देखि लागू हुने गरी १२ वर्षका लागि राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा रहेको करिव ४ रोपनी जग्गामा निर्मित भवन सहितका सार्वजनिक सम्पत्ति निजी प्रयोग प्रचलनमा दिने लिने गरी प्रतिवादीहरुले बदनियत राखि मिति २०८०।११।२९ गते सम्झौता गरे गराएको देखिन्छ। मिति २०८२ असार सम्ममा जम्मा रु.१५,२९,४०८।-(अक्षेरूपी पन्ध्र लाख उनन्तिस हजार चार सय आठ रूपैया) रकम वरावरको सार्वजनिक सम्पत्तिको निजी प्रयोग प्रचलनमा ल्याई सो बापतको रकम लिए दिएको देखिन्छ। त्यसैगरी, उक्त सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको विद्यार्थी संख्या घट्दो क्रममा रही शैक्षिक स्तरसमेत हेर्दा खस्किदो क्रममा रहेर ३९% सम्ममा पुगेको भन्ने तथ्य राष्ट्रिय माध्यमिक विद्यालयको च.नं १५९/०८२/०८३ मिति २०८२/०७/२८ गतेको पत्रानुसारको विवरणवाट देखिन्छ। तसर्थ, अञ्जुली बोर्डिङ्ग स्कूल प्रा.लि तथा उक्त प्रा.लि का संचालक राजु के.सी र उक्त बोर्डिङ्ग स्कूलको प्रिन्सिपल सुनिता कुँवर के.सीले अन्य राष्ट्रसेवक प्रतिवादीहरु सँगको मिलेमतो तथा योजनामा राष्ट्रसेवक प्रतिवादीहरुको पद तथा ओहोदाको दुरुपयोग गरी गराई राष्ट्रसेवकको जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गर्ने गरी बदनियत साथ सरकारी/सामुदायिक विद्यालयको रुपमा संचालित राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीको नाममा जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं.१ स्थित कित्ता नं. ३४३ क्षेत्रफल ३७-८-०२ (१९०९४.३० वर्ग मिटर) जग्गामा बनेको सरकारी/सार्वजनिक पूर्वाधारहरु नै प्रयोग प्रचलन गर्ने गरी जम्मा क्षेत्रफल अन्दाजी ४ रोपनी भवन सहितको जग्गा निजी प्रयोगमा लगाई दुरुपयोग गरे गराएको तथ्य स्थापित भईरहेको अवस्थामा सो तर्प अन्देखा गरी प्रतिवादीलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेकोले वदरगरीपाउँ ।<br>• शिक्षा नियमावली, २०५९ को नियम १९० ले "कुनै पनि संस्थागत विद्यालयले सामुदायिक विद्यालयको भवन प्रयोग गरी विद्यालय सञ्चालन गर्न पाउने छैन" भनी स्पष्ट निषेध गरेको अवस्थामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले सो निषेधात्मक कानूनी व्यवस्थाको प्रतिकूल निर्णय गरी सार्वजनिक सम्पत्ति निजी संस्थालाई प्रयोग गर्न दिएको तथ्य स्वयं प्रतिवादीहरूको बयानबाट समेत देखिरहेको अवस्थामा "भाडा रकम विद्यालयको खातामा जम्मा भएको" भन्ने आधारलाई निर्णायक प्रमाण मानी बदनियतको अभाव रहेको भन्ने आधार ग्रहण गरी फैसला भएको देखिन्छ । प्रस्तुत मुद्दामा विशेष अदालतले कानूनविपरीत भएको कार्यलाई स्वीकार गरेपछि पनि त्यसबाट उत्पन्न हुने भ्रष्टाचारजन्य उत्तरदायित्वलाई अस्वीकार गरी कानूनको गलत व्याख्या गरेको र साथै फौजदारी न्यायशास्त्रमा कुनै कार्य कानूनले निषेध गरेको अवस्थामा त्यसबाट प्राप्त रकम संस्थाको खातामा जम्मा भएको मात्र कारणले गैरकानूनी कार्य वैध बन्दैन। सार्वजनिक सम्पत्ति प्रयोग गर्न नपाउने निजी विद्यालयलाई प्रयोग गर्न दिने निर्णय नै अधिकारको दुरुपयोग हो। सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई कानूनको जानकारी रहेको मानिने हुँदा उनीहरूले शिक्षा नियमावली, २०५९ को नियम १९० को प्रत्यक्ष उल्लङ्घन गरी निर्णय गरेको तथ्यबाट बदनियत (mens rea) को अनुमान गर्न सकिने कानूनी सिद्धान्त विपरित भएको विशेष अदालतको फैसला कानूनी सिद्धान्तको रोहमा त्रुटिपुर्ण रहेकोले प्रस्तुत फैसला वदर गरी वादी नेपाल सरकारको मागदावी वमोजिम प्रतिवादीहरुलाई सजाय गरीपाउँ।<br>• ङ) सार्वजनिक सम्पत्ति, सार्वजनिक विश्वास (public trust doctrine) अन्तर्गत राज्य तथा सार्वजनिक संस्थाका पदाधिकारीहरूले संरक्षक (trustee) को हैसियतमा संरक्षण गर्नुपर्ने सम्पत्ति हो। सार्वजनिक हितका लागि प्राप्त सम्पत्ति निजी संस्थाको व्यावसायिक उपयोगमा लगाउने कार्य कानूनले निषेध गरेको अवस्थामा त्यस्तो निर्णयलाई केवल प्रशासनिक त्रुटि नभई अख्तियारको दुरुपयोगको दृष्टिले समेत हेर्नुपर्ने हुन्छ। विशेष अदालतले सार्वजनिक सम्पत्तिको संरक्षणसम्बन्धी संवैधानिक तथा विधिशास्त्रीय सिद्धान्त विपरित अत्यधिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संकुचित रूपमा "हिनामिना भएन" भन्ने आधार ग्रहण गरी  सफाइ दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेकोले वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउ ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको प्रस्तुत फैसला उपर **प्रतिवादीहरु राम विक्रम राणा, शाहारा प्रधान, नारायण प्रसाद चापागाई, विष्णुमाया लामिछाने, बरुण विक्रम राणा, सोवनाथ भट्टराई, राजु के.सी., र** सुनिता **कुँवर के.सी., र अञ्जली वोर्डिङ स्कूल प्रा.लि.को हकमा** आरोपदावी वमोजिम नै सजाय गरी पाउन अदालत समक्ष सादर अनुरोध गरिन्छ। |